**Wealth Management सेवा शुरु गरिएको सम्बन्धी प्रेश विज्ञप्ती :**

प्रभु बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई अत्याधुनिक तथा आकर्षक सेवा सुविधा उपलब्ध गराउने क्रममा Wealth Management नामक विशेष तथा नेपालको बैंकिङ्ग क्षेत्रमा नै नयाँ प्रकृतिको सेवा आजदेखि सञ्चालनमा ल्याएको छ । यस Wealth Management सेवा अन्तर्गत बैंकले तोकेको निश्चित रकम बैंकको कुनै पनि शाखामा निक्षेप गर्ने ग्राहक महानुभावहरुको पहिचानको लागि बैंकले प्रधान कार्यालयबाट एक विशेष प्रकारको Wealth Card जारी गर्नेछ ।

Wealth Card प्राप्त ग्राहक महानुभावहरुको आर्थिक समुन्नतिका लागि लगानीका उपयुक्त क्षेत्र तथा परियोजनाहरु जस्तै : पूँजीबजार, बीमायोजना, सामुहिक लगानी कोष, अवकास कोष योजना लगायतका आर्थिक रुपमा लाभदायक विभिन्न परियोजना सम्बन्धमा सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेका विशेषज्ञहरुबाट विशेष परामर्श सेवा उपलब्ध गराईनेछ । यस्तो परामर्श पश्चात् लगानीका अवसरहरु उपयोग गरी ग्राहक महानुभावहरुले उचित प्रतिफल लिन सफल हुनु हुनेछ । यसका साथै बैंकबाट उपलब्ध हुने बैंकिङ्ग सेवा सुविधा अन्तर्गत निशुल्क रुपमा क्रेटिड तथा डेविट कार्ड उपभोग गर्न सक्नुका अतिरिक्त बैंकबाट प्रवाह हुने कर्जाको सेवा/प्रशासनिक शुल्क, विद्युतीय बैंकिङ्गको सेवा शुल्क, मोबाईल बैंकिङ्ग सेवा शुल्क र लकर सेवा शुल्कमा विशेष छुट सहित द्रुत बैंकिङ्ग सेवा प्राप्त गर्न सक्ने हुनेछ ।

बैंक र देशका विभिन्न क्षेत्रमा ख्यातिप्राप्त तथा प्रतिष्ठित कम्पनी तथा सेवा प्रदायक संस्थारुसँग सम्झौता अनुसार बैंकका Wealth Customer ले त्यस्ता कम्पनी तथा सेवा प्रदायक संस्थाहरुबाट उपलब्ध हुने सेवाहरुमा विशेष प्राथमिकता तथा सेवा शुल्कमा छुट प्राप्त गर्न सक्नेछन् । यस अन्तर्गत पहिलो चरणमा बुद्ध एयर, एयर एसिया, बाजेको सेकुवा, ग्राण्ड होटेल, भोजन गृह, होटेल सांग्रिला एण्ड रिसोर्ट, होटेल ग्राण्ड, बलेनो स्टोर, द नर्थ फेश, रेमण्ड सप, ग्राण्डी ईण्टरनेशनल हस्पिटल, नर्भिक ईण्टरनेशनल हस्पिटल र कान्तिपुर मिडिया ग्रुप लगायका कम्पनी तथा सेवा प्रदायक संस्थाहरुले प्रदान गर्ने सेवामा विशेष प्रथमिकता तथा अकर्षक छुट प्राप्त गर्न सक्ने व्यवस्था मिलाईएको छ ।

साथै, प्रभु बैंक र ग्राण्ड बैंक विचको सफल मर्जर पश्चात् प्रभु बैंक लिमिटेडको चुक्ता पूँजी रु. ५२४ करोड, निक्षेप रु. ५,६०० करोड, कर्जा रु. ४,१०० करोड, शाखा संख्या १३६ र एटिएम संख्या १२२ र निक्षेपकर्ताहरुको संख्या ७ लाख ५० हजार भन्दा बढि पुगेको छ ।

**मिति : २०७२/११/०६**